# स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान

पत्र संख्या :-

च. नं :-

मिति :-२०८०।५।४

**सहायकस्तरका कर्मचारीहरूका लागि सेवाकालीन प्रशिक्षण प्रशिक्षार्थी मनोनयन फाराम भर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८०।०५।०४**

यस प्रतिष्ठानले चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार संघमा कार्यरत निजामती सेवाका रा.प.अनं. प्रथम/द्वितीय श्रेणीका कर्मचारी र प्रदेश तथा स्थानीय तहका चौथो/पाँचौ तहका कर्मचारीहरूको क्षमता विकास गर्ने उद्देश्यले **"३५ दिने प्रभावकारी सेवा प्रवाहका लागि कार्यालय सञ्चालन तथा व्यवस्थापन विषयक सेवाकालीन प्रशिक्षण कार्यक्रम"** सञ्चालन गर्न गइरहेको हुँदा इच्छुक स्थायी कर्मचारीहरूले सेवाकालीन प्रशिक्षण प्रशिक्षार्थीको अनलाइन मनोनयन फाराम भरी हाल बहाल रहेको पदको नियुक्ति वा बढुवा पत्रको छायाँ प्रति र कार्यालय प्रमुखको सिफारिस पत्र संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र प्रतिष्ठानको वेभसाइट **www.ldta.gov.np** मा सिधै अपलोड गरी पठाउनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्च:

१. छनौटमा परेका कर्मचारीहरूको अन्तिम नामावली र प्रशिक्षण सञ्चालन हुने समय अर्को सूचनाबाट जानकारी गराइनेछ ।

२. जेष्ठताको आधारमा सहभागी छनौट गरी प्रतिष्ठानको वेभसाइट **www.ldta.gov.np** मा प्रकाशन गरिनेछ ।

३. कार्यक्रममा छनौट भएका कर्मचारीहरूलाई दै.भ्र.भ., यातायात र आवास खर्च सम्बन्धित कार्यालयबाट व्यवस्था गर्नुपर्नेछ

४. मनोनयन फाराम स्वीकृती पश्चात् यस प्रतिष्ठानको कार्यालय, जावलाखेल ललितपुरमा प्रशिक्षण सञ्चालन गरिनेछ ।

५. मनोनयन फाराम भर्ने अन्तिम दिनसम्म कम्तिमा ३ वर्ष सेवा अवधि पूरा भएको हुनुपर्नेछ ।

६. कार्यालयको सिफारिस पत्रमा कर्मचारीको नियुक्ति वा बढुवाको मिति र समायोजनको विवरण समेत उल्लेख गर्नुपर्नेछ ।

कानुन लाल चौधरी
कार्यकारी निर्देशक

सम्पर्क

सत्रुघन चौधरी: ९८४१३५९०८७

निलकण्ठ थपलिया: ९८६०१८५१५३

सन्त लाल श्रेष्ठ : ९८५१२५३०२५/ ९८४८०९४०६६

गंगा पौडेल: ९८४९२४३६९१

दुर्गा सुवेदी : ९८४१७०००१९

चन्द्रावती भण्डारी : ९८४९८६१६५०


जावलाखेल,ललितपुर,नेपाल | +९७७ ०१ ५५२१०२१, ५५२२००४ | फ्याक्स ++९७७ ०१ ५५२१५५२१ | ldta.org.np@gmail.com

पोष्ट बक्स नं ११९८० Post box no.11980

Jawalakhel,Lalitpur,NEPAL | + 977 (1) 5521021, 5522004 | Fax +977 (1) 5521521 | Web: www.ldta.gov.np